नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं.: ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. ४/०८१/८२
च. नं./pmep/ 69

मिति: २०८१/०५/१८
ने.सं. ११४४ गुँलागा मंगलबार

विषय: वैदेशिक रोजगार बोर्डको सेवा प्रवाह सम्बन्धमा।

श्री स्थानीय तह, सबै।
मार्फत: संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

प्रस्तुत विषयमा वैदेशिक रोजगार बोर्डको सचिवालयको च.नं. २१७, प.सं. ०८१/८२, मिति २०८१/०५/१७ को पत्रानुसार "वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २८ बमोजिम वैदेशिक रोजगार बोर्डको सचिवालयले प्रदान गर्ने कल्याणकारी सेवाहरु सम्बन्धी निवेदन स्थानीय तहमार्फत् समेत दिन सकिने व्यवस्था गरेको छ। साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रम शक्तिको सूचना तथा तथ्यांकको संकलन तथा व्यवस्थापन, रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन, वैदेशिक रोजगारीमा जाने श्रम शक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालिमको सञ्चालन, वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सामाजिक पुन:एकीकरण र वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, अनुभव र उद्यमशीलताको उपयोग गर्ने कार्यनीति बनाउन स्थानीय तहको भूमिका एवं जिम्मेवारी रहने व्यवस्था भएको सन्दर्भमा सुरक्षित वैदेशिक रोजगारी एवं बोर्डको सचिवालयबाट प्रदान गरिने कल्याणकारी सेवा, प्रक्रिया र कागजातबारे सचेतना अभिवृद्धि तथा वैदेशिक रोजगारीमा श्रम स्वीकृति लिई गएका कामदारहरुलाई बोर्डको सचिवालयले प्रदान गर्ने निम्नानुसारका राहत, उद्धार तथा कल्याणकारी सेवाहरुको लागि स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रबाट कार्यसम्पादन गर्नु हुन" भनी लेखी आएकोले सो अनुसार तपसिल बमोजिम तहाँ रोजगार सेवा केन्द्रबाट कार्यान्वयन गर्न/गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

तपसिल:

बोर्ड सचिवालयबाट उपलब्ध हुने राहत ,उद्धार तथा कल्याणकारी सेवाहरु

- विदेशमा अलपत्र परेका कामदारको उद्धार,
- विदेशमा मृत्यु भएका कामदारको शव नेपाल झिकाउने,
- अन्तर्राष्ट्रिय विमानस्थलबाट मृतकका आफन्तले इच्छाएको सडक पूर्वाधार पुगेको स्थलसम्म निःशुल्क पुन्याउने )

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**प्रधानमन्त्री रोजगार कार्यक्रम**

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं.: ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. ४/०८१/८२
च. नं./pmep/ 69

- अंगभंग भएका कामदारलाई तोकिए बमोजिमको आर्थिक सहायता दिने,
- कामदारको परिवार गम्भीर बिरामी भएमा तोकिए बमोजिम दिईने उपचार सहयोग प्रदान गर्ने,
- वैदेशिक रोजगारीको क्रममा मृत्यु वा पूर्ण अशक्त भएका कामदारका सन्ततीलाई छात्रवृति प्रदान गर्ने,
- वैदेशिक रोजगारमा गएका कामदारका लागि कानूनी प्रतिरक्षा तथा परामर्शका लागि सहयोग गर्ने,
- स्वदेश फर्किएका कामदारलाई पुनर्एकीकरण तथा पुर्नस्थापना कार्यक्रम एवं बिभिन्न सीपमूलक तालिम सञ्चालन गर्ने।
- चौबिसै घण्टा श्रमाधान कल सेन्टर (निःशुल्क ११४१, सशुल्क ९८५१३४७२२२) को सञ्चालन एवं नेपालको कार्यालय समयमा टेलिमेडिसिन सेवा (९८५१३७५७०१/७०२) को व्यवस्थापन।

<u>वैदेशिक रोजगार बोर्डको सचिवालयमा निवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरू</u>

- बोर्डको सेवा प्राप्त गर्नको लागि कामदारले नियमानुसार श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएको हुनुपर्नेछ,
- आर्थिक सहायताको लागि मृत्यु वा अंगभंग भएको १ वर्षभित्र निवेदन दिइ सक्नुपर्नेछ,
- पेश गरिने कागजातहरु आधिकारिक निकायबाट प्रमाणित भएको हनुपर्नेछ,
- सेवा प्राप्त गर्न तोकिए बमोजिमको निवेदन/फारम वैदेशिक रोजगार बोर्डको वेबसाईट http://feb.gov.np/download#nebadan मा click गरी प्राप्त गर्न सकिनेछ,
- स्थानीय तहबाट निवेदन दिंदा सम्बन्धित स्थानीय तहलाई बोर्डको सचिवालयलले उपलब्ध गराएको FEWIMS प्रणालीको प्रयोगकर्ता आईडी र पासवर्ड प्रयोग गरी सफ्टवेयर प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ। सो प्रणाली अवरुद्ध भएको समयमा प्राप्त निवेदनहरु सुरक्षित राखी सफ्टवेयर सुचारु भएपछि प्रविष्ट गर्नुपर्ने। लामो समय पनि सफ्टवेयरमा समस्या आएमा बोर्ड सचिवालयको समन्वयमा आधिकारीक इमेल ठेगानाबाट सो विवरणहरु welfare@feb.gov.np पठाउनु पर्नेछ.
- रोजगार संयोजक वा बोर्डको कार्य गर्न स्थानीय तहले तोकेको फोकल पर्सनले बोर्डले सञ्चालन गर्ने क्षमता विकास र FEWIMS प्रणाली प्रयोग सम्बन्धी हुने तालिममा भर्चुअल एवं भौतिक रुपमा सहभागिता जनाउनुपर्ने। बोर्डको FEWIMS सिस्टमको Access/User Credential नलिएको हकमा स्थानीय तहले सो सिस्टम चलाउन फोकल पर्सन तोकी विवरण पठाएमा सो समेत तयार हुने। थप जानकारीको लागि श्रमाधान कल सेन्टर वा www.feb.gov.np मा राखिएको अपडेट वा सम्बन्धित कर्मचारीसँग सम्पर्क गर्नुपर्नेछ।

............................
पंकज लाभ कर्ण
(शाखा अधिकृत)

बोधार्थः
श्री वैदेशिक रोजगार बोर्डको सचिवालय, बबरमहल, काठमाण्डौ।
श्री रोजगार सेवा केन्द्र, सबै